बैठक संख्याः- १२ (बाह्रौं)

आज मिति २०८३ साल असार ०८ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २. | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ३. | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ४. | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ५. | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ६. | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ७. | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ८. | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| ९. | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| १०. | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| ११. | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १२. | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १३. | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १४. | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १५. | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १६. | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १७. | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरुः**

श्री प्रमोद भट्टराई
श्री प्रकाश पौडेल
श्री बलराम फुयल
श्री पेशल दाहाल
श्री श्री रवि कटवाल

**बैठक संख्याः १२**

**बैठक संख्याः- १२ (बाह्रौं)**

**क. मिति: २०८३/०३/०८ गते शनिबार**
**ख. बिहान: ११:०० बजे**

**क) प्रस्तावित विषयहरुः**

१. कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन समीक्षा तथा प्रभावकारिता सम्बन्धमा ।

२. आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृति र बीसौँ गाउँसभामा पेश गर्ने सम्बन्धमा।

३. आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति र बीसौँ गाउँसभामा पेश गर्ने सम्बन्धमा।

४. आर्थिक विधेयक, २०८३ स्वीकृति र बीसौँ गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

५. विनियोजन विधेयक, २०८३ स्वीकृति र बीसौँ गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

६. चालू आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम, बजेट बमोजिम सम्पादन भएका कार्य, खर्चहरू तथा प्रशासनिक निर्णयहरूको अनुमोदन सम्बन्धमा ।

७. स्वीकृत दरबन्दी बाहेकका स्वास्थ्य सेवा तथा ज्यालादारी कर्मचारीहरूको नियुक्ति अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८३/०८४ का लागि बेरोजगार सूची अनुमोदन तथा प्रकाशन सम्बन्धमा ।

९. उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरू छनौट तथा पुरस्कार सिफारिस समिति गठन सम्बन्धमा ।

१०. लिखु गाउँपालिका कर्मचारी कल्याणकारी कोष कार्यविधि, २०८२ को मस्यौदा पारित गर्ने सम्बन्धमा ।

११. विविध समसामयिक विषयका सम्बन्धमा ।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा, विगतका कार्यपालिका बैठकका निर्णयहरू क्रमश: प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप सबल र परिणाममुखी बनाउन सरोकारवाला पक्षहरू बिच आवश्यक समन्वय गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**२. निर्णय नं. २,**

प्रस्ताव नं. २ माथि आवश्य छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम पेस हुन आएको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम उपर आवश्यक छलफल गरियो । गाउँपालिकाको सर्वाङ्गीण विकासका प्राथमिकताहरूलाई समेटेर जनमुखी रूपमा तयार पारिएको उक्त नीति तथा कार्यक्रमलाई स्वीकृत गर्दै आगामी बीसौँ गाउँसभाको बैठक मा पेस गर्ने सर्वसम्मत निर्णय गरियो । नीति तथा कार्यक्रम यसै साथ संलग्न राखिएको छ ।

**३. निर्णय नं. ३,**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ र ६८ बमोजिम पेस हुन आएको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम उपर आवश्यक छलफल गरियो। गाउँपालिकाको चालु तथा पूँजीगत खर्च र वित्तीय हस्तान्तरण समेतलाई मध्यनजर गरी तयार पारिएको उक्त वार्षिक बजेट तथा कार्यक्रमलाई स्वीकृत गर्दै आगामी बीसौँ गाउँसभाको बैठकमा पेस गर्ने सर्वसम्मत निर्णय गरियो । बार्षिक बजेट तथा कार्यक्रम यसै साथ संलग्न छ ।

**४. निर्णय नं. ४,**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा विधेयक समितिबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम पेस हुन आएको आगामी आर्थिक वर्ष २०८३/०८४ को आर्थिक विधेयक, २०८३ उपर आवश्यक छलफल गरियो । गाउँपालिकाको आन्तरिक राजश्व परिचालन तथा करका दायराहरू व्यवस्थित गर्न तयार पारिएको उक्त आर्थिक विधेयकलाई स्वीकृत गर्दै आगामी बीसौँ गाउँसभाको बैठक मा पेस गर्ने सर्वसम्मत निर्णय गरियो । विधेयक यसै साथ संलग्न छन् ।

क) आर्थिक विधेयक, २०८३

**५. निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा विधेयक समितिबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम पेस हुन आएको आगामी आर्थिक वर्ष २०८३/०८४ को विनियोजन विधेयक, २०८३ उपर आवश्यक छलफल गरियो । गाउँपालिकाको सञ्चित कोषबाट बजेट विनियोजन तथा खर्च व्यवस्थित गर्न तयार पारिएको उक्त विनियोजन विधेयकलाई स्वीकृत गर्दै आगामी बीसौँ गाउँसभाको बैठकमा पेस गर्ने सर्वसम्मत निर्णय गरियो । विधेयक यसै साथ संलग्न छ ।

क) विनियोजन विधेयक, २०८३

**६. निर्णय नं.६,**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ का लागि अठारौँ गाउँसभाको बैठकबाट मिति २०८२/०३/२७ गते पारित नीति, कार्यक्रम तथा बजेट अनुरूप गाउँपालिकाको निर्णय बमोजिम सम्पादन भएका कार्य एवं खर्चहरू, तथा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत स्तरीय निर्णयबाट भएका सम्पूर्ण कार्य एवं खर्चहरूको विवरण स्वीकृत गरियो। उक्त सम्पूर्ण खर्च विवरणहरू अन्तिम अनुमोदनका लागि आगामी बीसौँ गाउँसभाको बैठकमा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**७. निर्णय नं. ७,**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको कार्यालय, विषयगत शाखाहरु र मातहतका कार्यलयहरुमा स्वीकृत दरबन्दी बाहेकका गाउँ कार्यपालिकाको निर्णय बमोजिम नियुक्ति भएका स्वास्थ्य सेवाका कर्मचारीहरु मेडिकल अधिकृत, ल्याब टेक्निसियन तथा नेत्र सहायक र कार्यालयमा नियुक्त भएका ज्यालादारी कर्मचारीहरुको नियुक्ति अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**८. निर्णय नं. ८,**

प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि बेरोजगार सूचीमा सूचीकृत हुन गाउँपालिकाका विभिन्न वडाहरूबाट प्राप्त हुन आएका निवेदनहरूका सम्बन्धमा विस्तृत रूपमा छलफल गरियो । प्राप्त निवेदनहरू उपर बेरोजगार सूची निर्धारण तथा प्राथमिकताक्रम मार्गदर्शन, २०७६ मा तोकिएका कानुनी मापदण्ड र प्रक्रिया बमोजिम २०८३।०३।०७ को स्थानीय निर्देशक समितिको बैठकको निर्णयानुसार पेस हुन आएको प्रस्तावित नामावलीलाई यो बैठक सर्वसम्मत रूपमा अनुमोदन गरियो । साथै, स्थानीय निर्देशक समितिबाट स्वीकृत भई आएका लिखु गाउँपालिका भित्रका योग्यता पुगेका बेरोजगार व्यक्तिहरूको उक्त नामावलीलाई सार्वजनिक प्रकाशन गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**९. निर्णय नं. ९,**

प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरूमा कार्यरत राष्ट्र सेवक कर्मचारीहरूको मनोबल उच्च राख्दै स्थानीय सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र जनमुखी बनाउन उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरू छनौट गरी पुरस्कार तथा सम्मानका लागि सिफारिस गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावना बमोजिम देहाय बमोजिमको कर्मचारी छनौट तथा सिफारिस समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो:

- **संयोजक:** श्री केशव हरी ढुङ्गेल, वडा अध्यक्ष
- **सदस्य:** श्री कमला कार्की, वडा सदस्य
- **सदस्य:** श्री मोहन कार्की, वडा अध्यक्ष
- **सदस्य:** श्री अर्जुन कुमार राउत, प्रमुख प्रशासकीय अधिकृत ।

**१०. निर्णय नं. १०,**

प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकामा कार्यरत कर्मचारीहरूको वृत्तिविकास, आकस्मिक राहत, स्वास्थ्य उपचार तथा कल्याणकारी कार्यहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक देखिएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी तयार गरिएको लिखु

गाउँपालिका कर्मचारी कल्याणकारी कोष कार्यविधि, २०८२ को मस्यौदा परिमार्जन सहित सर्वसम्मत रूपमा स्वीकृत गरी पारित गरियो ।

**निर्णय नं. ११,**

प्रस्ताव नं. ११  माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका कार्यपालिकाको आगामी  बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मत निर्णय गरियो ।